**पद:प्राविधिक सहजकर्ता (सब-इन्जिनियर)**

**कार्यक्षेत्र**: पालिका कार्यालयका साथै विभिन्न योजना क्षेत्रहरूमा नियमित भ्रमण गर्नु पर्ने

**सुपरभाइजर:** **वाश** संयोजक

**रिपोर्टिङ:** **वाश** इकाई

**जवाफदेहिता:** **वाश ब्यबस्थापन समिति**

**शैक्षिक योग्यता:** उच्च माध्यमिक शिक्षा/ सिभिल इन्जिनियरिङमा डिप्लोमा तह

**व्यावसायिक अनुभव**

- समुदायमा आधारित ग्रामीण खानेपानी तथा सरसफाइका गतिविधिहरू (सर्वे, डिजाइन, निरीक्षण/अनुगमन तथा मूल्याङ्कन आदि) मा कम्तिमा ३ बर्ष अनुभव भएको
- दातृ निकायहरूको सहयोगमा संचालित कार्यक्रमहरू/आयोजनाहरू र स्थानीय सरकार अन्तर्गत काम गरेको अनुभव भएकोलाई ग्राह्यता

**अन्य सीपहरू:**

- सामाजिक परिचालन र तालिम सहजीकरणमा राम्रो सीप भएको
- स्थानीय भाषामा राम्रो दखल हुनुका साथै अंग्रेजी र नेपाली लेखाइ र बोलाईमा राम्रो सीप भएको
- नेपाली र अंग्रेजीमा राम्रो प्रतिबेदन सीप भएको
- कम्प्युटर (वर्ड, एक्सेल, पावरपोईंट, इमेल आदि) मा राम्रो ज्ञान र सीप भएको
- ड्राफ्टिङ/AutoCad मा ज्ञान भएकोलाई थप ग्राह्यता

**कर्तव्य/जिम्मेवारी:**

- योजनाको ले-आउट प्लान  तयार गर्ने र अन्तिम रूप दिन सहयोग गर्ने ; आमभेला/खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको बैठकहरू मार्फत उपभोक्ता/उपभोक्ता समितिहरुलाई योजनाको प्राविधिक पक्षहरूको बारेमा जानकारी गराउने
- सुस्वाको दृष्टिकोण तथा प्राविधिक मापदण्डहरू र जलवायु परिबर्तन/प्रकोप जोखिम न्यूनीकरणका पक्षहरुलाई ध्यानमा राखि खानेपानी योजनाहरुको विस्तृत सर्वेक्षण, डिजाइन र लागत अनुमान तयार गर्ने
- प्राविधिक डिजाइन तथा इष्टिमेटहरू पालिका इन्जिनियर र प्रमुख प्रशासकीय अधिकृतद्वारा चेकजाँच भइ स्वीकृत भएको सुनिश्चित गर्ने
- खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुलाई सामुदायिक कार्ययोजना तयारी र पुनरावलोकनमा आवश्यक सहयोग गर्ने र सहभागी हुने

- संरचनाको स्वीकृत डिजाइन तथा ड्रइंग अनुसार योजनाको ले-आउट तयार गर्न **वाश** प्राविधिक/ डकर्मी/ ग्रामीण मर्मत सम्भार कार्यकर्तालाई सहयोग गर्ने
- बाह्य निर्माण सामग्रीको खरिद कागजातहरू तयार गर्ने, निर्माण सामग्री खरिद प्रक्रियाका लागि उपभोक्ता समितिहरुलाई सहजीकरण गर्ने र निर्माण सामग्रीहरुको (स्थानीय र गैर स्थानीय) गुणस्तर सुनिश्चित गर्ने
- समुदाय स्तरमा प्रशिक्षकको रूपमा प्राविधिक तालिमहरू सञ्चालन गर्ने र ती तालिमहरू व्यवस्थापन गर्न पालिकालाई सहयोग गर्ने
- खानेपानी तथा सरसफाइ संरचनाहरुको प्राविधिक गुणस्तर सुनिश्चितता र नियन्त्रणका लागि सहयोग गर्ने
- खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाहरुको अनुगमन, सुपरिवेक्षण**,** र मूल्याङ्कन गर्ने
- खानेपानी सुरक्षा योजनाहरू **(**WSPs) **तयार गर्दा** विशेष गरी प्राविधिक पक्षहरूमा खानेपानी सुरक्षा योजना तयारी टोलीहरूलाई आवश्यकता अनुसार तालिम र सहयोग गर्ने
- योजनाहरूमा सार्वजनिक लेखापरीक्षण सञ्चालन गर्न सहयोग गर्ने
- खानेपानी तथा सरसफाइ योजनाहरुको भुक्तानीको लागि संचालन अवधिको र अन्तिम प्राविधिक प्रतिबेदनहरू तयार गर्ने
- सबै गतिविधिहरूमा लैंगिक समानता, अपांगता र सामाजिक समाबेशीकरणका पक्षहरूलाई सुनिश्चित गर्ने
- सुस्वाको नीति बमोजिम योजना अनुगमनमा सहयोग गर्ने र सहभागीता जनाउने
- मासिक/द्वि-मासिक बैठकहरूमा भाग लिने
- चरणवद्ध योजना अनुगमन प्रक्रिया अनुसार योजना अनुगमनमा भाग लिने
- आयोजना गतिविधिहरूको योजना तर्जुमा**,** अनुगमन र रिपोर्टिङको लागि वाश संयोजकलाई आवश्यक सहयोग गर्ने
- खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरुलाई भुक्तानीको लागि पालिकालाई सहजीकरण गर्ने
- आयोजनालाई योजना डाटाबेसको प्रतिबेदन उपलब्ध गराउने